# के तपाई उपभोक्ता अधिकारप्रति सचेत हुनुहुन्छ ?

**उपभोक्ता हकहित संरक्षणका लागि उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ६ बमोजिम देहायबमोजिम 'उपभोक्ता अधिकार' सुनिश्चित गरिएको छः**

१) जीउ, ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानी पुऱ्याउने खालका उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षित हुन पाउने अधिकार छ ।

२) अनुचित व्यापारीक क्रियाकलापबाट सुरक्षित हुनको निमित्त उपभोग्य वस्तु तथा सेवाको मूल्य, गुण, परिमाण, शुद्धता तथा गुणस्तर आदिबारे सूचित हुन पाउने अधिकार छ ।

३) यथासम्भव प्रतिस्पर्धात्मक मूल्यमा उपभोग्य वस्तु तथा सेवाको छनौट गर्न पाउने अवसरमा विश्वस्त हुन पाउने अधिकार छ ।

४) उपभोक्ताको हकहित संरक्षणका सम्बन्धमा उपयुक्त निकायबाट सुनुवाइ हुन्छ भन्ने कुरामा विश्वस्त हुन पाउने अधिकार छ

५) अनुचित व्यापारिक क्रियाकलापबाट उपभोक्तामा हुने शोषण तथा मर्काको विरूद्ध सुनुवाइ र क्षतिपूर्ति पाउने, र

६) उपभोक्ता शिक्षाको अधिकार नागरिकलाई छ ।

## अनि उपभोग्य वस्तुमा के कस्ता विषय उल्लेख हुनुपर्छ तपाइलाई थाहा छ ?

उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ९ मा उत्पादकले उपभोग्य वस्तुको लेबलमा देहायका कुराहरू "अनिवार्य" रूपमा उल्लेख गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ

१) उत्पादकको नाम, ठेगाना र उद्योगको दर्ता नम्बर हुनुपर्छ ।

२) खाद्य पदार्थ र औषधि जस्ता उपभोग्य वस्तुमा उक्त वस्तुको मिश्रण, त्यसको परिमाण र तौल खुलेको हुनुपर्छ ।

३) गुणस्तर निर्धारण भएको उपभोग्य वस्तुमा सो वस्तुको गुणस्तर हुनुपर्छ ।

४) उपभोग्य वस्तु उपभोग गर्ने तरिका र सो वस्तु उपभोग गरेबाट हुन सक्ने प्रभाव उल्लेख हुनुपर्छ ।

५) उपभोग्य वस्तुको मूल्य, ब्याच नम्बर, उत्पादन मिति र उपभोगको म्याद सकिने मिति हुनुपर्छ ।

६) इलेक्ट्रोनिक, हार्डवयर तथा यान्त्रिक जस्ता उपभोग्य वस्तुमा सो वस्तुको ग्यारेण्टी र सोका अवधि तथा अन्य आवश्यक कुराहरू उल्लेख भएको हुनुपर्छ ।

७) प्रज्वलनशील, दुर्घटनाजन्य वा सजिलैसँग टुटफुट हुन सक्ने उपभोग्य वस्तुमा सो वस्तुको सुरक्षाको लागि अपनाउनु पर्ने कुराहरू ।

## उपभोक्ता अधिकारमा सचेत होऔं !

**जाँदाजाँदैः**

सूचनाको हकसम्बन्धी ऐन, २०६५ ले नेपाली नागरिकलाई सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार दिएको छ ।

**सहकार्यः**

असल शासन फाउण्डेशन
(GoGo Foundation)

जिल्ला प्रशासन कार्यालय, काठमाडौं
फोनः ४२६२४७८